जिल्ला शिक्षा अधिकारी रामकुमार श्रेष्ठले भने, 'बालविवाह समस्याको रुपमा रहेकाले विद्यालयमा कक्षा छाड्ने दर अधिक छ । योपल्ट अयोग्य ठहर हुनेमा त्यस्ता छात्राछात्रा पनि छन् ।' यसपटक गलेश्वर माविबाट ३२ सिभिल इन्जिनियरिङका विद्यार्थीले एसईई परीक्षा दिनेछन् । नौवटा परीक्षा केन्द्र तोकिएको म्याग्दीबाट २ हजार ३ सय २५ नियमित र १४ जना एक्जाम्टेडतर्फका परीक्षार्थी छन् ।

तातोपानी कुण्डको सरसफाइ

लमजुङ (कास)- मर्स्याङ्दी गाउँपालिकाको तातोपानी कुण्डमा फोहोर भएपछि स्थानीय युवाले सरसफाइको चासो देखाएका छन् । युवाले तातोपानी र यस क्षेत्रमा जाने बाटोको सरसफाइ गर्न थालेका हुन् । नुहाउने आउनेले सिसा, प्लास्टिक तथा कागजजन्य सामग्री जथाभावी रूपमा फालेपछि उक्त क्षेत्र फोहोर बन्दै गएको छ । सधैं फोहर देखिन थालेपछि तातोपानी र आसपासको क्षेत्रमा युवाले सरसफाइ गरेका हुन् ।

पोखरामा अन्तर्राष्ट्रिय क्रिकेट मैदान

लेखनाथ (कास)- युवा तथा खेलकुदमन्त्री जगत विश्वकर्माले पोखरामा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान बनाउने बताएका छन् । क्रिकेटमा पाएको ऐतिहासिक उपलब्धिले देशकै शिर उँचो भएको भन्दै उनले अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान बनाउने बताए । 'पोखरामा क्रिकेट मैदान बन्छ, ढुक्क हुनुहोस्,' मंगलबार पोखरामा उनले भने, 'क्रिकेटसँगै दक्षिण एसियाली खेलकुद पनि समयमै गर्नुपर्छ । राष्ट्रिय प्रतिष्ठासँग जोडिएको छ ।' खेलकुद पत्रकार मञ्च कास्कीले गरेको पत्रकार सम्मेलनमा उनले साग समयमै आयोजना गर्न आवश्यक पूर्वाधार निर्माण पूरा गर्ने प्रतिबद्धता गरे । क्रिकेट संघ (क्यान) मा देखिएको विवादलाई छिट्टै अन्त्य गरी क्रिकेटको विकासको लागि राज्यले लगानी गर्न तयार रहेको उनको भनाइ थियो ।

सडक विस्तार गर्दै पुतलीबजार

स्याङ्जा (कास)- पुतलीबजार नगरपालिकाले सडक फराकिलो बनाउन योजना अघि बढाएको छ । यसका लागि सिद्धार्थ राजमार्ग आसपासको सडक पेटी भत्काउन सुरु गरेको छ ।

बाडखोला बजारमा मापदण्ड मिचेर बनाइएका संरचना हटाउने काम थालेको हो । सडक डिभिजन कार्यालय पोखराले नाली निर्माण सुरु गरेपछि खर्च व्यवस्थापन गर्दै नगरपालिकाले सहकार्य गर्दै सडक विस्तार थालेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वासुदेव रेग्मीले बताए । 'सडक डिभिजन कार्यालयले भत्किएको नाली र भत्किएको सडकखण्ड मर्मत कार्य गर्दै आएको छ,' उनले भने, 'बाडखोला बजारमा नाली मर्मत र नयाँ निर्माण हुने भएपछि हामीले पनि यहीबेला सल्लाहमै सडक विस्तार थालेका हौं ।'

सडक डिभिजन र स्थानीयको सहमति भएका ठाउँमा काम थालिएको उनले बताए । सडक डिभिजनले २ सय मिटर लम्बाइको नयाँ नाली बनाउने योजना अनुसार निर्माण कार्य थालेको छ । नगरपालिकाले भने शिक्षाचोकदेखि गुडीखोलासम्म साढे तीन मिटर सडक फराकिलो पार्न लागेको हो ।

सडक डिभिजनका प्रमुख इन्जिनियर प्रेमप्रकाश खत्रीले नगरपालिकाले नाली केही पर बनाइदिएर सडक विस्तार गर्ने योजना लिएर आएपछि सहमतिअनुसार काम थालेको बताए । 'दुई सय मिटर पक्की नाली बनाउने योजना हाम्रो हो,' उनले भने, 'यसमा सडक डिभिजनको ८ लाख रुपैयाँको लागत छ । हाललाई भत्किएको खण्ड मात्र बनाउनेछौं ।'

मन्त्रीलाई आचारसंहिता

सालीन पहिरन, गोपनीयता, मद्यपानरहित र उपहार लिन नहुनेलगायतका नियम

■ लालप्रसाद शर्मा



पोखरा- प्रदेश ४ का मुख्यमन्त्रीलगायत मन्त्रीहरूका लागि ३० बुँदे आचारसंहिता जारी गरिएको छ । मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरेको आचारसंहिता सार्वजनिक गरिएको हो ।

यसले मन्त्रालयको कार्यसम्पादनमा सहयोग पुग्ने र आफूलाई पनि व्यवस्थित रहन सहयोगी हुने मन्त्रीहरूको भनाइ छ । मन्त्रिपरिषद्का सदस्यले नैतिकता र आधारभूत सिद्धान्तको प्रतिकूल हुने गरी कुनै काम कारबाही गर्न नहुने आचारसंहिताको पहिलो बुँदामा राखिएको छ । त्यसैगरी कामकारबाही राष्ट्र र सर्वसाधारणको सेवामा केन्द्रित हुनुपर्ने, मन्त्रालयबाट गरिने कार्यसम्पादन संविधान र कानुनबमोजिम आमनागरिकको अपेक्षालाई ध्यानमा राखी गर्नुपर्ने, मन्त्रालयको कामका लागि प्रदेशसभा र मुख्यमन्त्रीप्रति उत्तरदायी हुनुपर्ने आचारसंहितामा समेटिएको छ । मन्त्रिपरिषद्का सदस्यले प्रदेशसभाका सदस्यको राय, सल्लाह र सुझाव सुन्न सरल र प्रभावकारी व्यवस्था, कार्यसम्पादनको अभिलेखीकरण र संविधानको कार्यान्वयनमा प्रतिबद्ध हुनुपर्ने, मुख्यमन्त्रीले जारी गरेका निर्देशनको पूर्ण पालना र कार्यान्वयनको प्रगति विवरण दिनुपर्ने उल्लेख गरिएको छ ।

६० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक, आफूसँग सम्बन्धित व्यक्ति, संस्था वा पक्षलाई फाइदा पुग्ने र राज्य वा नागरिकलाई नोक्सान पर्नेगरी कामकारबाही गर्न गराउन नहुने आचारसंहितामा छ । त्यसैगरी बैठकमा झूटो विवरण प्रस्तुत गर्न नहुने, जानकारी गोप्य राख्नुपर्ने, भड्किलो प्रस्तुति र मद्यपान गर्न नहुने, मन्त्रिपरिषद्का सदस्यबीच हुने कुनै विवाद सञ्चार माध्ययमा लैजान नहुने विषय पनि समेटिएको छ । क्षेत्र, जातजाति, धर्म, वर्ण, लिंग, सम्प्रदायबीचको सम्बन्धमा खलल हुने गतिविधि नगराउने, विशेष कार्यक्रममा बाहेक विदेश भ्रमणमा जानुपूर्व मुख्यमन्त्रीको अनिवार्य स्वीकृति लिनुपर्ने, भ्रमणमा राष्ट्रको नाममा प्राप्त अनुदान, पुरस्कार वा उपहार प्रदेश सरकारलाई बुझाउनुपर्ने आचारसंहिता बनाइएको छ । स्वदेशी वातावरणमैत्री उत्पादनका सामग्री प्रयोग गर्ने, आर्थिक मितव्ययिता, सेवा सुविधाका अवसरको बाँडफाँड गर्दा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी राज्यको नीतिलाई अंगीकार गर्नुपर्ने आचारसंहितामा उल्लेख छ ।

मन्त्रालयको कामकारबाही सम्बन्धमा सार्वजनिक जानकारी लिन सुझाव तथा उजुरी पेटिका, हटलाइन टेलिफोन, इमेलजस्ता साधन प्रयोग गर्ने र सरोकारवाला र विज्ञसमेतसँग सार्वजनिक सुनुवाइ गर्ने, योग्य र क्षमतावान् स्वकीय वा निजी सचिव नियुक्त गरी उसको कामकारबाहीको सुपरीवेक्षण आफैं गर्नुपर्ने जनाइएको छ । कार्यक्रममा समयमै उपस्थित, कर्मचारीलाई स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण, प्रदेश सरकारको आधिकारिक नीति तथा कार्यक्रम सरकारका प्रवक्तामार्फत सार्वजनिक गर्ने, पदीय मर्यादा र अख्तियारको दुरुपयोग नगर्ने र सम्पत्ति आर्जन गर्ने काम शून्य सहनशीलताको आधारमा गर्नुपर्ने, सरकारी स्रोत र साधनलाई निजी, पारिवारिक उपयोग नगर्ने आचारसंहिता बनाइएको छ । त्यस्तै देश र जनताको गरिमा, मर्यादा र प्रतिष्ठालाई सम्झी काम, कर्तव्य र अधिकारको प्रयोग गर्नुपर्ने, आफन्त, नातेदार र नजिकका साथीसँग विवाद वा सहयोगका विषयलाई प्रत्यक्ष असर पुऱ्याउने गरी आतिथ्यता, दान वा उपहार लिन नपाइने, पक्षपात, भनसुन वा द्वेस र प्रतिशोधको भावना राख्न नहुने, जानीजानी झूटो तथ्यांक र विवरण दिन नहुने र क्षेत्राधिकार उलंघन हुने वा एक-अर्कामा घृणा र देश पैदा हुनेगरी काम गर्न नहुने आचारसंहितामा छ ।

मन्त्रिपरिषदका सदस्यको आचारण र व्यवहारलाई व्यवस्थित एवं पारदर्शी बनाई सक्षम र पारदर्शीरूपमा नैतिकता र मर्यादा कायम राखी असल शासन सञ्चालन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी आचारसंहिता जारी गरिएको सरकारका प्रवक्ता उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामशरण बस्नेतले बताए । 'नेपाल सरकार र कानुनलाई आधार बनाएर आचारसंहिता जारी गरिएको छ,' उनले भने, 'यसको पूर्ण कार्यान्वयवनको प्रतिबद्धता जनाउँछौं ।'

आँधीमुहानदेखि बागलुङसम्म बस सञ्चालन

कान्तिपुर संवाददाता

स्याङ्जा- सदरमुकामबाट पश्चिम, टाढा भएकैले सरकारी सेवाको पहुँचबाट पनि वञ्चित हुनुपर्ने अवस्थाको कालीगण्डकी गाउँपालिका ७ मिर्मी आँधीमुहानका बासिन्दाले अब सहज यात्रा गर्न पाउने भएका छन् ।

बिरामी भए, पढ्न, रोजगारी र किनमेलका लागि पाल्पा र बुटवल जाने गरेका आँधीमुहानका बासिन्दाका लागि लामो दूरीको बस सेवा सञ्चालनमा आएको छ । पहिले यहाँ गाउँघरमै चल्ने जिप र मिर्मी कालीगण्डकी परियोजना अवलोकनको लागि जादाँ लैजाने सवारी मात्रै चल्थ्यो । बुटवल, स्याङ्जा बजार, पोखरा, बागलुङ जानुपरे

कालीगण्डकीबाट १ दिनमा मुस्किलले पुगिने बागलुङ अब ४ घण्टामा सहजै

मिर्मीबाट एक घण्टाको जिपको यात्रापछि सिद्धार्थ राजमार्ग निस्किएर गाडी फेर्नुपर्छ । स्थानीय चन्द्रबहादुर मगर भन्छन्, 'बागलुङ पुग्नको लागि अब राजमार्ग नै निस्कनु नपर्ने भयो ।' आँधीमुहानदेखी कालीगण्डकी करिडोर हुँदै पर्वत निस्किएर सीधै पुग्न सकिन्छ । आँधीमुहानदेखि बागलुङ चल्ने गाडी यहाँ सञ्चालनमा आएको छ ।

'एकै दिनमा बागलुङ पुग्न गाह्रो हुन्थ्यो,' उनले भने, 'अब चार घण्टामै पुगिन्छ । पहिले-पहिले हिँडेर गइने यही बाटो अब गाडीमा हिँडिने भइयो ।' पश्चिम नेपाल यातायात समितिले बस सञ्चालनमा ल्याएको हो । एउटा बस आँधीमुहानबाट नै छुट्ने गर्दछ भने अर्को बुटवल हुँदै आँधीमुहान आएर छुट्छ । बसले ओहोरदोहोर गर्न सहज भएको स्थानीयले बताएका छन् । जिल्ला सदरमुकाम आउन भन्दा बागलुङ बजार पुग्न नजिक हुने बताउने स्थानीय उनमाया मगर भन्छिन्, 'किनमेल गर्न गाडी चढेर कुश्मा पुग्न सजिलो हुन्छ ।'

लामो दूरीको यातायात सञ्चालनमा आएसँगै यहाँका व्यवसायीहरू पनि खुसी छन् । साना व्यवसाय गरेर जीविकोपार्जन गर्दै आएका यहाँका स्थानीय लामो दूरीका यात्रुहरू यहीं झरेर खाना, खाजा खाने भएपछि खुसी भएका हुन् ।

म्याग्दीको कोसेली बन्दै 'सुकुटी'

कान्तिपुर संवाददाता

म्याग्दी- सहर बजार र विदेशमा बसेकालाई गाउँघरबाट के कोसेली पठाउने ? म्याग्देलीलाई सोधियो भने सजिलो उत्तर आउँछ, सुकुटी । गाउँघर छाडेर अन्यत्र पुगे पनि यहाँको सुकुटीको स्वाद नबिर्सने धेरै छन् । त्यसैले विदेशमा रहेका आफन्तलाई गाउँघरको गतिलो कोसेली मासुको सुकुटी भएको छ ।

छुट्टीमा आउँदा आफन्तलाई घडी, सुनको लकेट, मोबाइल र टेलिभिजन सेट उपहार बोकेर आउने लाहुरेहरू फर्कदा भने आफन्तको कोसेली 'सुकुटी' लिएर फर्कन्छन् । होटल रेस्टुरेन्टमा पुगेर खाने मात्र होइन विदेशमा समेत माग बढेसँगै काँचो सुकुटीको व्यापारमा पनि वृद्धि भएको छ । 'सुकुटी भनेपछि हुरुक्कै हुनुहुन्छ । एउटै कम्पनीको साथी फर्कन लाग्नुभएकाले सुकुटी पार्सल पठाउन लागेकी हुँ,' कतारमा कार्यरत श्रीमान्लाई कोसेली पठाउन बेनी कालीपुलस्थित वसपार्कमा भेटिएकी भगवती ७ की सीमा भण्डारीले भनिन्, 'कोही फर्कने थाहा भयो कि सुकुटी पठाइदे भन्नुहुन्छ ।'

भण्डारी मात्र होइन विदेशमा आफन्त भएका अधिकांश घरबाट कोसेलीमा सुकुटी पठाउने चलन बढदो छ । स्थानीयस्तरमा बनाइने सुकुटीको माग विदेशमा रहेका नेपालीहरूमा बढी छ । राँगा-भैंसीको सुकुटी १५ सय र भेडाच्यांग्राको प्रतिकेजी ३५ सयमा बिक्री हुने गरेको छ । हल्का



म्याग्दीको बेनीमा सुकुटी कोसेली पठाउनका लागि तयार पारिँदै ।

तस्बिर : कान्तिपुर

बोसोसहित मासुको सुकुटी बढी स्वादिलो मानिन्छ ।

बोसो र मासुको मात्रा मिलाएर सुकुटी बनाउन पाइने भएकाले पसलबाट ल्याएको मासुभन्दा घरमै काटेर बनाएको सुकुटी राम्रो हुन्छ । तर, झन्झट कम र छिटो हुने भएकाले पसलबाट मासु ल्याएर नै सुकुटी बनाउने धेरै छन् । 'घाममा सुकाएको भन्दा छायाँमा सुकाएको सुकुटी स्वादिष्ट हुन्छ । गर्मी गन्ध आउने भएकाले हिउँदमा सुकुटी बनाएर ओभानो कोठामा कपडामा मोडेर राख्दा लामो समयसम्म टिक्छ,' व्यापारी महेन्द्र गुरुङले भने, 'पहिले-पहिले खान मन लागेका बेला मासु अहिले जसरी पाइन्थेन । त्यसैले सुकुटी बनाउने चलन थियो,' हिजोआज सबै होटल-रेस्टुरेन्टको मेनुमा सुकुटी छुटदैन ।'

सुकुटी संस्कृतिमा हिमालपारि मुस्ताडी थकालीहरू अगाडि छन् । मुस्ताङमा हरेक हिउँद घर-घरले ५/६ वटासम्म खसी, च्यांग्रा काटेर मासु सुकुटी बनाउने गर्छन् । हिमालपारि छुट्टै याकको सुकुटी पनि बिक्री हुन्छ । धनी र ठूला होटलले वर्षमा २०/२५ वटासम्म खसी काटेर सुकुटी बनाउँछन् ।

'मुस्ताङको मुख्य कोसेली भनेकै स्याउ, सुकुटी र रक्सी (ब्रान्डी) हो,' मुस्ताङका व्यवसायी सुन्दर थकालीले भने, 'यहाँका थकालीको घरमा पाहुनाको स्वागतमा सगुनसँग सुकुटी राख्ने र सहरका आफन्तलाई कोसेली पनि सुकुटी पठाउने संस्कार नै हो ।' खसी-भेडाको मासुको मात्र होइन रगत र बोसो मिसाएर आन्द्रामा भरेर पनि सुकाउने गरिन्छ । आन्द्रामा रगत र बोसो मिसाएर भरेर सुकाएको मासुलाई 'घिन्टी' भनिन्छ ।

आन्द्रामा छुट्टै फापरको पिठो र रगत मोलेर पनि भर्ने गरिन्छ । पिठो मिसाएर आन्द्रामा मिसाएको परिकारलाई 'टुङ्ग' भन्ने गरिन्छ ।

परम्परागत सुकुटी अगेनाको रापिलो आगोमा सुकाएर बनाउने गरिन्थ्यो । तर, माग बढेपछि भट्टी पसल र रेस्टुरेन्ट व्यवसायीले छिटोछरितो सुकुटी बनाउन पारिलो घाममा सुकाएर बनाउने गर्छन् । सुकुटीको व्यावसायिक उत्पादन हुनथालेपछि हिजोआज ठूला होटलहरूमा सोलार ड्रायरबाट समेत सुकुटी बनाउने गरिएको छ ।

मकै बीउमा किसानको आनाकानी



लमजुङको क्व्होलासोंथर गाउँपालिका गिलुङको खेतमा मकै रोप्न खेत जोत्दै स्थानीय ।

तस्विर: आश गुरुङ

कान्तिपुर संवाददाता

लमजुङ- कृषि कार्यालयले ५० प्रतिशत अनुदानमा दिन लागेको मकैको बीउ लैजान किसानले आनाकानी गरेका छन् । गाउँघर तथा सहरबजारमा अब पछौटे मकै छर्न बाँकी छ ।

गत वर्ष २८ टन बिउ वितरण भएकोमा यो वर्ष १४ टन मात्रै किसानले लगेको वरिष्ठ कृषि विकास अधिकृत कृष्णभद्र अधिकारीले बताए । यसमा किसानले ६ टनको भुक्तानी दिन बाँकी छ । उनका अनुसार यो वर्ष १६ टन बिउ वितरणका लागि बजेट विनियोजन गरिएकोमा अझै २ टन वितरण बाँकी छ । समय घर्किएकाले अब किसानले मकैको बिउ नलाने उनले बताए । १ किलो बराबर ७५ रुपैयाँमा खरिद गरिएको मकैको बीउ किसानलाई ३७ रुपैयाँ ५० पैसा पर्छ । गत वर्ष प्रतिकिलो ८० रुपैयाँमा खरिद गरी ७५ प्रतिशत अनुदानमा दिइएको थियो । २८ टन सकिएपछि पनि किसान मकैको बीउ खोज्न आएका थिए । यसपटक मकै, धान र गहुँको बीउ खरिदको लागि १० लाख रुपैयाँको बजेट रहेकामा ६ लाख मकैको बीउको लागि विनियोजन गरिएको थियो । गत वर्षभन्दा झन्डै आधा कम परिमाण भएर पनि किसानले बिउ नलगेको उनले बताए ।

उनका अनुसार स्थानीय तहले पनि बीउ बाँड्ने भनेकाले अनुदानमा कटौती भएको हो । 'अनुदान कटौती गरिएपनि किसानले सबै बीउ लानुपर्ने हो, लगेनन् । गत वर्षको भन्दा अनुदानमा किसानलाई अलि बढी मूल्य परेको छ,' अधिकृत अधिकारीले भने । उनका अनुसार स्थानीय तहले पनि मकैको बीउ वितरण गरेका छन् । स्थानीय तहमा कार्यक्रम हुने भएकाले कृषिमा अनुदान कटौती भएको उनले बताए । 'कतिपय गाउँपालिका आफैंले अनुदानमा बीउ वितरण गरेका छन् । कतिपय गाउँपालिकामा कृषि कार्यालयमार्फत गएको छ,' उनले भने ।

कार्यालयका अनुसार दोर्दी गाउँपालिकाले ७५ प्रतिशत अनुदानमा वितरण गर्ने भनी ६ टन बीउ मकै ल्याएको थियो । सुन्दरबजार नगरपालिकाले १ टन र राइनास नगरपालिकाले २ टन बीउ ५० प्रतिशत अनुदानमा वितरण गरेको उनले बताए । कृषि कार्यालयमा मर्स्याङ्दी, क्व्होलासोंथर र दूधपोखरी गाउँपालिकाका

गत वर्ष २८ टन बीउ वितरण भएकोमा यो वर्ष १४ टन मात्रै किसानले लगेका

किसानबाट माग आएको छैन । सर्वाधिक बेंसीसहर नगरपालिकाका कृषकले लगेका छन् ।

अधिकारीका अनुसार किसानलाई रामपुर कम्पोजिट, अरुण-२ र मनकामना-३ गरी ३ जातको मकैको बीउ वितरण गरिएको हो । जिल्लाका प्रायः सबै ठाउँमा मकैखेती हुन्छ । कृषि कार्यालयका अनुसार लमजुङ मकै उत्पादनमा आत्मनिर्भर छ । तर, खेत बाँझो राख्ने चलनले उत्पादनमा बढ्न सकेको छैन । जिल्लामा वर्षेनी मकै उत्पादन ४० हजार टन हाराहारी हुने गरेको छ । करिब १६ हजार हेक्टरमा मकै खेती गरिँदै आएको छ ।

स्थानीयकै सहभागितामा नमुना बस्तीको योजना

कान्तिपुर संवाददाता

गोरखा- स्थानीयवासीकै सक्रियतामा भीमसेन थापा गाउँपालिका-५ बगुवाको लामाचौरमा एकीकृत बस्तीको निर्माण सुरु भएको छ। १ सय ३८ घरधुरी स्थानीयका लागि एकीकृत नमुना बस्ती बनाउन सुरु भएको हो।

२०७२ वैशाख १२ को भूकम्पले साविकको बगुवा ४ र ५ वडाका रिठ्ठेपानी, धरमपानी, पाण्डेगाउँ र नयाँगाउँका जमिनमा धाजा फाटेसँगै बस्न अयोग्य भएपछि सामूहिक बस्ती बसाल्न लागिएको वडाध्यक्ष प्रेमचन्द्र श्रेष्ठले बताए। 'भूगर्भविद्हरू आएर परीक्षण गर्नुभयो, जोखिममा छ भनेपछि गाउँ नजिकै हामीले एकीकृत बस्ती बनाउने काम थालेका हौं,' उनले भने, 'एकीकृत मिलन बस्ती पुनर्निर्माण तथा विकास समिति गठन गरेर काम अघि बढाइएको हो।'

हाल ३० घर बनिरहेका छन्। 'अहिले बन्दै गरेकाको काम यही महिनाभित्रै सम्पन्न हुन्छ,' उनले भने, 'यसपछि १ सय १२ घरधुरीको एकैचोटी काम थाल्ने हाम्रो योजना छ।' गत शनिबारदेखि बस्तीमा बस्ने घरधनीलाई लालपुर्जा वितरण थालिएको छ। 'एउटा कार्यक्रममा १५ जनालाई लालपुर्जा वितरण गऱ्यौं, बाँकी घरधुरीलाई केही दिनमा विकास समितिले लालपुर्जा वितरण गर्छ,' उनले भने।

एकीकृत गरिएको जग्गालाई आठ 'कलस्टर'मा छुट्याइएको छ। कलस्टरअनुसार चिट्ठा थुताएर सबै घरले पाउने जग्गाको पहिचान भइसकेको विकास समितिले जनाएको छ। नयाँ प्रविधिको प्रयोगबाट पुरानै शैलीको एकै किसिमका घर निर्माण गर्ने स्थानीयले योजना बनाएका छन्। 'एउटा घर बनाउन करिब सात लाख लाग्ने रहेछ,' वडाध्यक्ष श्रेष्ठले भने, 'सरकारले दिएको तीन लाख र बाँकी आफ्नै गच्छेअनुसार खर्च गरेर घर बनाउने भनेका छौं।' एकल महिला, अभिभावकविहीन र विपन्नका घर बनाउन दातृ निकायको सहयोग माग्ने योजना स्थानीय अगुवाहरूको छ।



गोरखाको भीमसेन गाउँपालिका-५ बगुवाको लामाचौरमा निर्माणाधीन एकीकृत बस्ती। *तस्बिर : कान्तिपुर*

भूकम्पपीडितका लागि लाप्राकमा एनआरएन र नेपाली सेनाले घर निर्माणमा सघाए भने बगुवामा स्थानीयकै प्रयासका काम थालिएको छ

एकीकृत बस्तीमा सबै घरको अगाडि २० फिटको सडक हुने डिजाइन छ। 'घर पछाडि ढल फाल्ने व्यवस्था गर्छौं भने ढलमाथि ५ फीटको पैदल बाटो हुनेछ,' वडाध्यक्ष श्रेष्ठले भने। बस्तीभित्र खेलकुद मैदान, वगैंचा र विद्यालय, स्वास्थ्य चौकी र सामुदायिक भवनहरू पनि बन्ने विकास समितिका अध्यक्ष सोमप्रसाद पाण्डेले बताए। दुई सय रोपनीमध्ये १ सय ५ रोपनी क्षेत्रफलमा बस्ती र अन्य भागमा संरचना निर्माण हुने जानकारी उनले दिए। एकीकृत गरिएको जग्गामध्ये केही खरिद गरिएको र केही सित्तैमा पाप्त गरिएको विकास समितिले जनाएको छ।

बगुवामा निर्माण हुने एकीकृत बस्तीको पूर्वाधारको विकासमा सहयोग गरिने पुनर्निर्माण प्राधिकरणका कार्यकारी समितिका सदस्य हरेराम पराजुलीलले बताए। 'भूकम्पपछि एकीकृत बस्ती बसाल्छु भन्ने राम्रो कुरा हो, यो बस्तीबाट अन्य ठाउँका भूकम्पपीडितले पनि केही सिक्न सक्छन्,' उनले भने। भूकम्पपछिको पुनर्निर्माणका क्रममा गोरखामा लाप्राकमा एकीकृत बस्तीको योजना पहिलो हो भने बगुवा दोस्रो हो।

कर्मचारी भर्नाको छानबिन हुने

लेखनाथ (कास)- पोखरा लेखनाथ महानगरपालिकाले हालै कर्मचारी छनोट गरिएको भर्ना प्रक्रिया छानबिन हुने भएको छ। महानगरका प्रमुख प्रशासकीय अधिकृत दीर्घनारायण पौडेल संयोजक रहने गरी तीन सदस्यी छानबिन समिति बन्ने सहमति भएको हो।

समितिमा एमाले र कांग्रेसकोतर्फबाट एक/एकजना विज्ञ रहनेछन्। भर्ना प्रक्रियामा अनियमितता भएको आरोप लगाउँदै कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले मंगलबार नगरसभा सञ्चालनमा अवरोध पुऱ्याएका थिए। मेयर मानबहादुर जीसीले नगरसभा सञ्चालन गरेलगत्तै कांग्रेसबाट निर्वाचित वडा ९ का अध्यक्ष रामराज लामिछानेले बोले। उनले अनियमितता छानबिन नभएसम्म सभा अगाडि बढ्न नदिने बताएपछि कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले सभाहलभित्रै नाराबाजी गरे। उनीहरूले कर्मचारी पदपूर्ति प्रक्रिया खारेज नभएसम्म सभा अघि बढ्न नदिने चेतावनी दिएका थिए। सहमतिका लागि मेयरले एमाले र कांग्रेसबाट प्रतिनिधित्व गर्ने गरी दुई/दुईजना जनप्रतिनिधि राखेर छलफल गरे। छलफलमा छानविन समिति बनाउने सहमति भएको हो।

केही दिनअघि महानगरले इन्जिनियर, सब-इन्जिनियर र अनमी पदका लागि विज्ञापन आह्वान गरी दरखास्त मागेको थियो। परीक्षामा सेटिङ मिलाएर एमालेले आफ्ना कार्यकर्ता भर्ना गरेको भन्दै कांग्रेस समर्थित जनप्रतिनिधि आक्रोशित बनेका हुन्। नगरसभामा १ सय ६७ जनप्रतिनिधिमध्ये कांग्रेसका ४७ छन्। गत पुस ७ मा बसेको कार्यपालिका बैठकले महानगरका ३३ वडामा करार सेवामा सिभिल इन्जिनियर भर्ना गर्ने निर्णय गरेको थियो। नियुक्ति प्रक्रियाबारे उक्त बैठकमा छलफल भएको थिएन। प्रक्रियाको टुंगो लगाउने अधिकार संगठन स्वरूप, जनशक्ति एवं कर्मचारी पदपूर्ति बढुवा तथा स्थायी गर्न गठन भएको समितिलाई दिइएको थियो। कांग्रेस निकट जनप्रतिनिधिले उक्त समितिमा कुनै छलफल नभएको आरोप लगाउँदै आएका छन्।

पोखरा सभागृहमा गत सातादेखि सुरु भएको महानगरको सभाले पारित गर्ने विधेयकबारे नगरसभाका सदस्यले आवश्यक अध्ययन गर्ने भन्दै समय माग गरेका थिए। केही दिनको स्थगनपछि मंगलबारदेखि पुनः सुरु भएको हो। मंगलबार महानगरको कृषि ऐन, कृषि बजार प्रवर्द्धन ऐन, कृषि नीति, पशु नीति, उपप्रमुखसँग महिला कार्यक्रम निर्देशिका र सहकारी ऐनबारे नगर सभासदले दफावार छलफल गरेका छन्। छलफलमा ३० बढी जनप्रतिनिधिले राय व्यक्त गरेको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत दीर्घनारायण पौडेलले बताए। सभासदले कृषि पेसालाई सम्मानित बनाउनुपर्ने, किसान वर्गीकरण गर्नुपर्ने, प्रांगारिक उत्पादनमा जोड दिने, जग्गा खण्डीकरण र बाँझोकरणलाई निरुत्साहित गर्नुपर्ने, बादर नियन्त्रण गर्नुपर्ने, व्यवस्थित कृषि बजार र सक्षम प्राविधिकको व्यवस्था गर्नुपर्ने विषय उठान गरेका थिए।

प्रदेशसभामा...

सबै विषयगत समिति गठन

यसैवीच मंगलबारको बैठकले विधायन समितिमा केही सदस्य थपेको छ भने बाँकी ३ विषयगत समिति गठन गरेको छ। प्रदेशसभा नियमावली २०७४ अनुसार प्रदेशसभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न विधायन, सार्वजनिक लेखा, प्रदेश मामिला र अर्थ तथा विकास समिति गठन गर्न सकिन्छ। त्यस अनुसार फागुन २७ को प्रदेशसभा बैठकले विधायन समिति गठन गरेको थियो। अन्य तीन समिति भने मंगलबारको बैठकले गरेको हो।

फागुन २७ को बैठकले मोहनप्रसाद रेग्मी, विष्णुप्रसाद लामिछाने, आशा कोइराला, टेकबहादुर घर्तीमगर र धनमाया लामा पोखरेल रहेको विधायन समिति गठन गरेको थियो। त्यसमा मंगलबारको बैठकले ललितकला गुरुङ, कृष्णचन्द्र नेपाली र चन्द्रबहादुर बुढालाई सदस्यमा थपेको छ।

यसैगरी मंगलबारको बैठकले ओमकला गौतम, बिन्दुकुमार थापा, मेखलाल श्रेष्ठ, रामबहादुर गुरुङ, पियारी थापा, गायत्री गुरुङ, दिलमाया रोकामगर गौतम र प्रकाशचन्द्र दवाडी सदस्य रहेको सार्वजनिक लेखा समिति गठन गरेको छ। त्यसैगरी चिन्तबहादुर घले, मनकुमारी गुरुङ, कोपिला बोहोरा, मधु अधिकारी गुरुङ, दीपक थापा र मित्रकुमारी गुरुङ सुवेदी सदस्य रहेको प्रदेश मामिला समिति बैठकले गठन गरेको छ। त्यस्तै दीपक कोइराला, विनोद केसी, दोबाटे विश्वकर्मा, सरिता गुरुङ, भगवतप्रकाश मल्ल, कृष्ण थापा, जनकलाल श्रेष्ठ र हरिशरण आचार्य सदस्य रहेको अर्थ तथा विकास समिति गठन गरेको छ।

दिउँसो ३ बजे बोलाइएको प्रदेशसभा बैठक कार्यव्यवस्था परामर्श समितिको बैठकमा केही कुरा नमिलेपछि ५ बजेर ५२ मिनेटमा बोलाइएको थियो। विशेष गरी प्रदेशसभा नियमावलीको नियम १४८ बमोजिम विषयगत समितिमा बढीमा ११ सदस्य मनोनयन हुन सक्ने व्यवस्था छ। तर एमालेका तर्फबाट नियमावली संसोधन गरेर १३ जनासम्म पुऱ्याउने प्रस्ताव आएपछि कांग्रेसका सदस्यले त्यसमा विरोध जनाएका थिए। अहिल्यै नियमावली संसोधनमा जाँदा नराम्रो सन्देश जाने भन्दै कांग्रेसका सदस्यले विरोध जनाउँदै आर्थिक कार्यविधि ऐनसमेत पारित गर्ने प्रस्ताव नलैजान भनेपछि बैठक ढिला भएको हो। पछि सभामुख नेत्रनाथ अधिकारीलाई यसको जिम्मा दिएपछि भएका विभिन्न बैठकले हाललाई ११ जनाकै समिति गठन गर्ने सहमति भएर बैठक संचालन भएको हो। ४ समितिमा ११ जनाको दरले ४४, सभामुख, उपसभामुख र ७ मन्त्री गरी ५३ सदस्य समितिमा रहन्छन्। बाँकी ६ जनालाई पनि समितिमा ल्याउन खोजिएको भन्दै कांग्रेसले विरोध जनाएको थियो।

'बालबालिकालाई समय दिऊँ'



लमजुङको बेंसीसहरस्थित जिल्ला समन्वय समितिको हलमा बालबालिकालाई उत्कृष्ट बनाउन आयोजित अभिमुखीकरणमा सहभागी अभिभावक। *तस्बिर : आश गुरुङ*

लमजुङ (कास)- पहाडी क्षेत्रबाट बालबालिकालाई स्कुल पढाउन अभिभावक सहर बजार झरेका छन्। उनीहरूमध्ये धेरैको रोजाइमा महंगो स्कुल पर्ने गरेका छन्।

विहान १० बजदेखि अपराह्न ४ बजेसम्म ६ घण्टा बालबालिका स्कुलमा हुन्छन्। अघिपछि कोचिङ, ट्युसनको नाममा २ देखि ३ घण्टासम्म उही पाठ पढ्छन्। दिनदिनै धेरै पाठ्यपुस्तक बोकेर आउनेजाने गरेका विद्यार्थी घर आउँदा निकै थाक्छन्। खाजा खान नपाउँदै 'होमवर्क' गर्न बस्न बाध्य हुन्छन्। विहान पनि उही होमवर्क। 'अभिभावक आफ्नै काममा व्यस्त। बालबालिकालाई एकातिर राखेर उनीहरू मोबाइल र कम्प्युटर व्यस्त हुन्छन्। उनीहरूलाई बालबालिकासँग खेल्ने र उनीहरूलाई सिकाउने समय हुँदैन,' बेंसीसहर ७, सहजीका मोहनबहादुर थापाले भने, 'अभिभावकको रेखदेख नपुग्दा बाल मनोविज्ञानमा असर परेको हुन्छ।' बाल मनोविज्ञानमा पर्ने असर बारे मंगलवार यहाँ आयोजित छलपलमा उनले यस्तो बताएका हुन्। उनको भनाइलाई बेंसीसहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले पनि समर्थन गरे। 'बालबालिकालाई पिटदा उनीहरू आक्रमक भएर आउँछन्,' उनले भने, 'फकाएर गृहकार्य गर्न दिएमा उनीहरू खुरुखुरु गर्छन्।'

बालबालिकाको आचरण राम्रो बनाउन अभिभावकको कलासम्बन्धी छलफलमा सहभागीमध्ये केहीले व्यवहारमा सुधार गर्ने पनि जनाए। राम्रा बानीको विकासका विषयमा प्रशिक्षक बीपी रेग्मीले अविभावकलाई सहजीकरण गरे। 'साना-साना कुराले बालबालिकाको मन दुख्छ। पिट्दा शरीर अंगभंग हुने खतरा बढ्छ। बालबालिकासंग नरिसाउँ,' उनले भने, 'बालबालिका स्कुल जाँदा हामी खुसाउने र घरमा बस्दा रिसाउने गर्छौं। त्यस्तो गर्नुहुँदैन।' विदाको दिन पूरै समय अभिभावकले बालबच्चालाई दिनुपर्ने उनले बताए। बालबालिका काँचो माटोको भाँडाजस्तै भएकाले उनीहरूलाई कस्तो बनाउने भन्ने जिम्मेवारी अविभावकको रहेको उनले बताए। युनिभर्सल एकेडेमीका प्रिन्सिपल विमल अधिकारीले बालबालिकालाई शिक्षादीक्षाका लागि डोऱ्याउने र अगाडि बढाउने काममात्रै स्कुलले गर्ने बताए। 'बच्चाहरू स्कुलमा ६ घण्टा हुन्छन्, अभिभावकसँग १८ घण्टा,' उनले भने, 'दुइतिहाइ समय आफ्नै साथ रहने बालबालिकालाई अभिभावकले धेरै कुरा सिकाउन सक्छन्।'

नयाँ पदमार्गमा व्यवसाय असजिलो

■ घनश्याम खड्का

म्याग्दी- जिल्लाको मुख्य आम्दानीको स्रोतका रूप रहेको पर्यटन क्षेत्रको विकास गर्न नयाँ पदमार्ग पहिचान गरी प्रवर्द्धनको काम भइरहेको छ। तर, राष्ट्रिय वन क्षेत्रमा पर्ने नयाँ पदमार्गमा पर्यटकका लागि पूर्वाधार व्यवस्थापन गर्न व्यवसायीलाई अप्ठ्यारो परेको छ।

पदमार्गलाई नियमित सञ्चालनमा राख्न होटल, लज, रेस्टुरेन्ट, क्याम्पसाइट र चिया पसल हुनैपर्छ। यस्ता व्यवसाय गर्न भने कानुनी समस्या भएको छ। बस्तीभन्दा माथिल्लो राष्ट्रिय वन क्षेत्रले ढाकेको हिमाली क्षेत्र समेटेर पहिचान र प्रवर्द्धन गरिएका नयाँ तथा पुराना पदमार्गमा कसले र कसरी पूर्वाधार निर्माण गर्ने भन्ने विवाद छ। धौलागिरी वेसक्याम्प, आइसफल ट्रेक, हिडन भ्याली, धौलागिरि सेन्चुरी, अन्नपूर्ण वेस क्याम्प, राउण्ड अन्नपूर्ण क्षेत्र, माछापुच्छ्रे वेसक्याम्प, खोप्रा, खयरबराहलगायत हिमाली क्षेत्रमा होटल, रेस्टुरेन्टको विषयमा समुदायमा विवाद रहेको हो।

प्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने अन्नपूर्ण वेस क्याम्प क्षेत्र, माछापुच्छ्रे वेसक्याम्प, थोराडला पास क्षेत्र, खोप्रा र टाडापानी आदि गन्तव्यमा सीमित व्यक्तिले वर्षौंदेखि लाभ लिएको भन्दै सरकारी स्वामित्वको जग्गा हडप्ने होडबाजी चलेपछि समस्या भएको हो। सरकारी वन क्षेत्रमा पर्ने यी पर्यटकीय क्षेत्रमा रहेका होटल, रेस्टुरेन्ट कानुनी प्रक्रियामा ल्याउनुपर्ने वा सबै लगानीकर्तालाई पर्यटन पूर्वाधार निर्माणमा खुला गर्नुपर्ने माग बढेको हो। 'राष्ट्रिय वन क्षेत्र तथा संरक्षण क्षेत्रका सरकारी जग्गामा खुलेका होटल, रेस्टुरेन्टमा व्यवस्थापन समस्या भएको छ। पर्यटन प्रवर्द्धन गर्न आधारभूत पूर्वाधार त जरुरी छ तर, कसरी व्यवस्थापन गर्ने कानुनी जटिलता आयो,' अन्नपूर्ण गाउँपालिका प्रमुख डमबहादुर पुनले भने, 'राष्ट्रिय वन क्षेत्रमा खुलेका र निजी क्षेत्रमा खुलेका होटल, रेस्टुरेन्टलाई छुट्टाछुट्टै कानुन बनाई करको दायरामा ल्याउने प्रयास भएको छ। तर प्रदेश कानुन नबन्दा अन्योल भयो।'

परम्परागत पदमार्ग छोडेर पर्यटक हिमालमुनी उक्लन थालेपछि उपल्लो क्षेत्र पूरै राष्ट्रिय वन भएकोले आधारभूत पूर्वाधार मानिएको खान, बस्ने सुविधा होटलवास निर्माण कसले र कसरी गर्ने भन्ने पुरानो समस्या बल्झेको हो। अन्नपूर्ण संरक्षण क्षेत्र


- **राष्ट्रिय वन क्षेत्रमा पर्ने नयाँ पदमार्गमा पर्यटकका लागि पूर्वाधार व्यवस्थापन गर्न व्यवसायीलाई समस्या**
- **नयाँ पहिचान र प्रवर्द्धन गरिएका पदमार्गहरू 'भर्जिन रुट' भएकाले साहसिक पर्यटकको आकर्षण**

आयोजना (एक्याप) ले आफ्नो क्षे भित्रका सरकारी स्वामित्वका जग्गामा पर्यटन पूर्वाधारहरू निर्माणमा नियमन गर्ने प्रयास गरे पनि सफल भएको छैन। एक्यापको स्थानीय संरक्षण समितिले मूल्यांकन गरी बढी मूल्यमा बोलकबोल गराई जग्गा उपलब्ध गराउने, ४ हजार २ सय मिटरभन्दा तल हुनुपर्ने, वर्सेनि तोकिएको शुल्क तिरेर नवीकरण हुनुपर्ने र उक्त जग्गा र पूर्वाधार व्यक्ति वा संस्थाको नाममा दर्ता, नामसारी गर्न नपाउने गरी नियम बनाए पनि कार्यान्वयन गर्न सकेको छैन।

धौलागिरि, अन्नपूर्ण, निलगिरि र गुर्जा हिमाललाई आधार मानेर पहिचान र प्रवर्द्धन गरिएका गुरिल्ला मार्ग, हिडन भिलेज सेन्चुरी, धौलागिरी आइसफल, धौलागिरि सेन्चुरी, अन्नपूर्ण वेस क्याम्प, अन्नपूर्ण-धौलागिरि सामुदायिक पर्यापदमार्ग (खोप्रा-खयरबराह) क्षेत्र र प्रख्यात धौलागिरि आरोहण एवं फन्को पदमार्ग चल्तीमा छन। यी क्षेत्रमा पर्यटकको सुविधाका लागि पदमार्ग निर्माण एवं सुधार, खानेपानी तथा बिसौनी निर्माणमा काम भए पनि पर्यटकका लागि अति आवश्यक होटल, रेस्टुरेन्टलगायतका पूर्वाधार निर्माणमा कानुनी अल्झन आएको हो। यी पदमार्ग बस्तीदेखि न्यूनतम तीन दिनदेखि १० दिनसम्मको पदयात्रा माथिल्लो वन क्षेत्रमा पर्छन्।

पर्यटनको लाभ समुदायले लिन सामुदायिक पदमार्ग खोल्ने, स्थानीय निकायको लगानीमा परम्परागत गोरेटो स्तरोन्नति गरी पर्यटक र भरियालाई पनि सुविधायुक्त पदमार्ग निर्माण, नयाँ गन्तव्य खोजी गर्न स्थानीय र केन्द्रीय बजेट खर्च भइरहेको छ। यी पदमार्गमा पर्यटक आउनसमेत थालेका छन्। अन्नपूर्ण हिमाल वरपरको सार्वजनिक जग्गामा केही व्यक्तिले होटलसमेतका पूर्वाधार बनाई एक्लै भोग चलन गरेका छन् भने अरू छिर्ने प्रयासमा छन्। 'हस्तक्षेप गर्दा पर्यटन क्षेत्रमा नकारात्मक असर गर्छ, त्यसै छोड्दा सार्वजनिक सम्पत्ति व्यक्तिले उपयोग गरेको अवस्था छ,' अन्नपूर्ण गाउँपालिका प्रमुख पुनले भने, 'पर्यटन प्रवर्द्धन गर्न स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय गरी कानुनी निकास निकाल्नु आवश्यक छ।' नयाँ पहिचान र प्रवर्द्धन गरिएका पदमार्गहरू 'भर्जिन रुट' भएकाले साहसिक पर्यटकको आकर्षण बढेको छ। पदमार्गमा गरिएको सुधारले अब यी क्षेत्र पुग्न सहज पनि भएको छ। तर पर्यटन पूर्वाधार नहुँदा क्याम्प ट्रेकमा सीमित छ। यी रुटलाई टि हाउस ट्रेकमा परिवर्तन गर्न सके पदमार्गमा पर्ने वस्तीले पर्यटनबाट मनग्य आम्दानी गर्न सक्छन्।









तपाईंको आज

मेष	पदोन्नति	तुला	प्रियजन भेट
वृष	केही लाभ	वृश्चिक	अपजस
मिथुन	कार्य सिद्धि	धनु	मनोकांक्षा पूर्ण
कर्कट	कर्म प्राप्ति	मकर	आलोचित हुने
सिंह	भाग्य वृद्धि	कुम्भ	शत्रु परास्त
कन्या	कान्ति क्षय	मीन	आर्थिक लाभ

भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत ८ गते बिहीबार तदनुरुप २२ मार्च २०१८ चैत्र शुक्लपक्ष पञ्चमी तिथि दिनको २:८ बजेसम्म उप्रान्त षष्ठि तिथि, कृतिका नक्षत्र रात्रिको ६:२७ बजेसम्म उप्रान्त रोहिणी नक्षत्र, बिष्कुम्भ योग प्रात: ११:३२ बजेसम्म उप्रान्त प्रीति योग, कौलब करण रात्रिको ९:१० बजेसम्म उप्रान्त तैतिल करण, वृष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	गुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	मार्ग दर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एस एण्ड एस (द रिअल्टु शो)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	द्वावक्क टुक्क
२:३०	कान्तिपुर समाचार
३:००	सरोकार
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एस एण्ड एस (हङ्गार हन्ट)
७:००	हर्के हलदार
८:००	कान्तिपुर समाचार
९:००	सुमनसँग
९:३०	मनि टक्स
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एस एण्ड एस (हङ्गार हन्ट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एस एण्ड एस (हङ्गार हन्ट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	हर्के हलदार
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	के आज घरमै

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेड लाइनर्स
७:३०	संरक्षण (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (सबिना)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो ठक (प्रज्वल)
१०:००	स्पोर्ट एन्ड डायरी
१०:०५	गजब छ बा (आशीष शाह/दुर्गाराज पाण्डे)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	टेस्ट बड (सञ्जय/धलिसा)
१२:००	कान्तिपुर डायरी
१२:१०	आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (प्रज्वल खड्का)
१४:००	इन्टरनेसनल डायरी
१५:००	कान्तिपुर डायरी
१५:५५	संगितोमेट्री (रोबिन तामाङ)
१६:००	हेल्थ एन्ड ह्याजुकेसन डायरी
१६:०५	हेप्पी हावर (शुभराज अधिकारी)
१७:०५	ह्याजुकेसन ठक (भूपेन्द्र)
१८:००	आद्या अकारा (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	आई लभ इट आई हेट इट (प्रज्वल/स्वर्ण)
२०:००	सेक्सुरिटी एन्ड क्राइम डायरी
२०:०५	क्लोज अप कनेक्ट (सबिना)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ग्लोबल कनेक्सन (शुभराज अधिकारी)
२३:००	आजदेखि अर्को आजसम्म (प्रज्वल खड्का)
२४:००	आफ्नो भाका आफ्नो गीत (कृष्ण)
००:०१	कानुनी बहस र परामर्श (कमला पन्थी)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३४०
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
परिचमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६०
मनिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/१०/१८
गण्डकी मेडिकल कलेज	०६१-५५०२५३
हिमालय आँखा अस्पताल	०६१-४६१९४८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-४६१०४६/४६१५६६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११९/०६१-४६४८३१
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८५६०२८३३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५४९८
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०८१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०४७

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१८८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका नगरपालिका गुल्मी एम्बुलेन्स	९८४१२९६५००
गोरखा अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३२
स्याङ्जा रेडक्रस एम्बुलेन्स	०६३ ४२०१९४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०१९२/४२०४१४
पर्वत रेडक्रस एम्बुलेन्स	०६७ ४२०१४२
पर्वत प्रहरी/वाकणचन्त्र	०६७ ४२०१००/४२०१९२

लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१९५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१८३
म्याग्दी जिल्ला अस्पताल	०६० ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बारुणचन्त्र	०६३ ४२०४०२
जिल्ला प्रहरी बाग्लुङ	०६८ ५२०१९२ र ५२०२९१
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९२
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९२
जिल्ला प्रहरी मुस्ताङ	०६२ ४४०१९६ र ४४००९८
जिल्ला प्रहरी म्याग्दी	०६२ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९२
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९२/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९२
इपका आँबुखैरेनी	०६५ ५४०००२
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१४२०२००
बुद्ध सामुदायीक गुदु अस्पताल	०७१५४६१२७
महिला तथा बाल अस्पताल-आनदा	०७१५४४६५०
चुमिमार्गल कलेज अफ मेडिकल साइन्सेस भैरहवा	०७१५०६०३०
मीत्र अस्पताल भैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८५२०१८८
अर्घासाची जिल्ला अस्पताल	०७८४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७१५२०१८८
कपिलवस्तु जिल्ला अस्पताल	०७६५४०२००
रेडक्रस एम्बुलेन्स भैरहवा	०७१-५२०२६३, ९७६७०२९१०४
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७३२६५५७
रेडक्रस, रक्त संचार, बुटवल	०७

एसियन कप छनोट

आशा साफलाई

■ सुबास हुमागाईं



नेपाली टोली

गोलरक्षक : किरण चेम्जोङ, विकेश कुथु र एलन न्यौपाने

डिफेन्डर : विराज महर्जन (कप्तान), अनन्त तामाङ, आदित्य चौधरी, दिनेश राजवंशी, रञ्जित धिमाल र देवेन्द्र तामाङ

मिडफिल्डर : रोहित चन्द, विशाल राई, हेमन गुरुङ, हेमन्त थापामगर, सुनील बल, सुमन लामा र सुजल श्रेष्ठ

फरवार्ड : विमल घर्तीमगर, नवयुग श्रेष्ठ, जर्जप्रिन्स कार्की र अञ्जन विष्ट ।

काठमाडौं- एएफसीबाट उपहारस्वरुप एसियन कप फुटबलको छनोट खेल्ने मौका पाएको नेपालले चैत १४ मा यमनको सामना गर्दै छ । सन् २०१६ को नोभेम्बरमा विश्वकप छनोटको पहिलो चरणबाटै बाहिरिएका राष्ट्रबीच भएको एएफसी सोलिडारिटी कपको उपाधि जितेपछि नेपालले यो अवसर पाएको हो । प्रतियोगिताको फाइनलमा नेपालसँग १-० ले पराजित मकाउले पनि सोही अवसर प्राप्त गऱ्यो ।

समूह चरणको अन्तिम खेलसम्म आइपुग्दा नेपाल ५ खेलमा २ अंक जोडै पुछारमा छ । नेपालको छनोट हुने सम्भावना समाप्त भइसकेको छ । उता मकाउ खेलेका सबै खेलमा हार बेहोर्दै अंकतालिकाको पुछारमै छ । एसियन कप छनोटमा अपेक्षाकृत प्रदर्शन गर्न नसके पनि नेपालले आफ्नो स्तर मापन गर्ने राम्रो अवसर पायो । घरेलु मैदानमा यमन र फिलिपिन्सलाई बराबरीमा रोकेको नेपालले ताजिकिस्तानसँग २-१ ले पराजित हुँदै सन्तोषजनक नतिजा हात पाऱ्यो । अबे मैदानमा भने नेपालको प्रदर्शन सुखद हुन सकेन ।

यमनविरुद्ध कतारको दोहामा हुने अन्तिम खेलमा नेपाल सकारात्मक नतिजासहित प्रतियोगिताबाट बिदा हुने दाउमा छ । तर विगतका खेलको तुलनामा नेपाल सम्भवतः सबैभन्दा कमजोर स्थितिमा छ । यसअघिका खेलमा नेपालले तयारीलाई लामो समय पाएको थियो । केही खेलअघि मैत्रीपूर्ण खेल र कुनै खेलमा वैदेसिक प्रशिक्षण पनि पाएको थियो । तर यसपालि खेलअघि नेपाली टोलीले एक साता पनि पूर्ण प्रशिक्षण गर्न पाएको छैन । मोफसलका प्रतियोगितामा ए डिभिजन क्लबहरू व्यस्त हुँदा प्रशिक्षक ग्योतोकु कोजीले समयमै खेलाडी पाएनन् ।

उपलब्ध खेलाडीको फिटनेसमा समस्या त छँदै छ, नेपाली टोलीले यसपल्ट महत्त्वपूर्ण केही सदस्यको पनि साथ पाउने छैन । नियमित उपकप्तान भरत खवास दोहोरो पहेँलो कार्डका कारण यमनविरुद्ध उपलब्ध हुँदैनन् । उनले ताजिकिस्तानमा ३-० को हार र फिलिपिन्ससँग गोलरहित बराबरी खेल्दा पहेँलो कार्ड पाएका थिए । यस्तै भरपर्दा मिडफिल्डर विक्रम लामा पनि चोटका कारण टोलीमा छैनन् । फागुनमा बुढासुब्बा गोल्डकपको फाइनलमा खुट्टा भाँचिएपछि शल्यक्रिया गराएका विक्रम अझै केही महिना मैदानबाहिर रहन्छन् ।

भर्खरै चोटबाट पुनरागमन गरेका डिफेन्डर रविन श्रेष्ठ प्रशिक्षणमा सामेल भए पनि कोजीले उनलाई टोलीमा समेटेका छैनन् । नेपाल पुलिस क्लबका लागि तिलोत्तमा गोल्डकपको तीन खेल खेलेका रविनमाथि प्रशिक्षक कोजीले जोखिम उठाउन चाहेनन् । मनाङ मर्स्याङदी क्लबका कमल श्रेष्ठ पनि पूर्ण फिट नहुनाले टोलीमा अटाउन सकेनन् ।

प्रशिक्षक कोजीले यमनविरुद्धको खेललाई सेप्टेम्बरमा हुने साफ च्याम्पियनसिप तयारीको रूपमा हेरेका छन् । 'हामीले केही महिनामै साफ च्याम्पियनसिप खेल्दै छौं । अहिले उपलब्ध खेलाडीलाई अध्ययन गर्न यो राम्रो अवसर हो । वर्तमान टोलीमा रहेको कमजोरी पत्ता लगाएर हामीले पछिका लागि त्यसको समाधान निकाल्न सक्छौं,' उनले भने ।

कोजीले यसपालि चार खेलाडीलाई टोलीमा फिर्ता बोलाएका छन् । थ्रीस्टारका लागि उत्कृष्ट प्रदर्शन गरिरहेका गोलरक्षक एलन न्यौपानेसँगै डिफेन्डरद्वय आदित्य चौधरी र देवेन्द्र तामाङ टोलीमा फर्किएका छन् । पुलिसको आक्रमणमा निर्णायक भूमिका निभाइरहेका फरवार्ड सुमन लामा पनि यसपालि टोलीमा फर्किए । समग्रमा टोलीमा युवा खेलाडीको प्रभाव रहनेछ ।

नेपालले यसअघि यमनसँग प्रतियोगिताको दोस्रो खेलमा गोलरहित बराबरी खेलेको थियो । हल्चोकस्थित एपीएफ रंगशालामा सम्पन्न उक्त खेलमा यमनका खेलाडीले रमादानको समयमा खेलेका थिए । तुलनात्मक नेपाली टोली शारीरिक रूपमा कमजोर भए पनि खेल भने प्रतिस्पर्धात्मक थियो ।

यमन अहिले समूहको दोस्रो स्थानमा छ । नेपाललाई पराजित गरेको खण्डमा यमनले एसियन कपमा स्थान पक्का गर्नेछ । त्यसैले पनि नेपालका लागि यो खेल थप कठिन बन्नेछ ।

विगत तुलनामा कमजोर तयारी, महत्त्वपूर्ण खेलाडीको अनुपस्थिति र विपक्षीको बलियो दावेदारीले यस खेलमा नेपालले सुखद नतिजा ल्याउने सम्भावना निकै कम रहेको आँकलन गर्न सकिन्छ ।

बिर्तामोडलाई भेट्रान कप

काँकडभिट्टा (कास)- काँकडभिट्टा भेट्रान फुटबल क्लबको आयोजनामा सम्पन्न इन्डो-नेपाल भेट्रान फुटबलको उपाधि बिर्तामोडले जितेको छ । स्थानीय काँकडभिट्टा मार्विको मैदानमा सम्पन्न फाइनलमा बिर्तामोडले सुरुङ्गा भेट्रान क्लबलाई ३-० ले पराजित गर्दै १ लाख २५ हजार रुपैयाँ पुरस्कार जित्यो । सुरुङ्गाले ५१ हजार पायो ।

सुरुको १० औं मिनेटमा बिर्तामोडका गणेश सुब्बाको पासमा सुवास आङ्थुपोले गोल गर्दै टोलीलाई अग्रता दिलाए । २३ औं मिनेटमा गणेशकै पासमा सुवासले दोस्रो गोल थप्दै विपक्षीलाई थप दबाबमा राखे ।

बिर्तामोडले दोस्रो हाफको २९ औं मिनेटमा सुवासको क्रसमा नरेन्द्रमणि लिम्बूले गोल गर्दै टोलीको जित निश्चित गरे । म्यान अफ द म्याच र सर्वाधिक गोलकर्ता बिर्तामोडका सुवास आङ्थुपो भए । खेलका सर्वोत्कृष्ट खेलाडी नरेन्द्रमणि लिम्बू, उत्कृष्ट फरवार्ड देवमान लिम्बू, उत्कृष्ट प्रशिक्षक नवीन लिम्बू र उत्कृष्ट डिफेन्डर मोहन गुरुङ (बिर्तामोड) भए । उत्कृष्ट मिडफिल्डरमा राकेश श्रेष्ठ (काँकडभिट्टा) र जेष्ठ खेलाडीमा कुमार सापकोटा (सुरुङ्गा) चुनिए भने फेयर प्ले टिम दार्जिलिङ बन्यो ।

देवदह र होराइजन सेमिफाइनलमा

बुटवल (कास)- सिद्धार्थ रंगशाला भैरहवामा जारी रूपन्देही टी-२० क्रिकेट प्रतियोगितामा मंगलबार देवदह क्रिकेट युनिट र न्यु होराइजन क्रिकेट क्लब बुटवल सेमिफाइनल पुगेका छन् ।

पहिलो खेलमा देवदहले ज्ञानोदय क्रिकेट क्लब करहियालाई १४ रनले हरायो । टस हारेर ब्याटिङ गरेको देवदहले ८ विकेट गुमाई १ सय १४ रन बनायो । कुशल भूर्तेलले २८, प्रकाश केसी र सन्दीप जोराले १३-१३ रन बनाए । ज्ञानोदयका कृष्ण पराजुलीले ३ र संगम थापाले २ विकेट लिए ।

यसअघि टस जितेको साई ग्लोबले १९.२ ओभरमा सबै विकेट गुमाई ८२ रनमात्रै बनायो । आशुतोष पासवानले ४२ र अजय रसाइलीले १६ रन बनाए । उसलाई सस्तैमा रोक्न बलिङमा होराइजनका कुशल मल्लले ४ र अनिल खरेलले २ विकेट लिए ।







'ओपनिङमै प्रमाणित गर्न चाहन्छु'



ज्ञानेन्द्र मल्ल, उपकप्तान

प्राविधिक हिसाबमा नेपालका सबैभन्दा निपुण ब्याट्सम्यान मानिएका ज्ञानेन्द्र मल्लका लागि पछिल्लो एक महिनामा भएको विश्व क्रिकेट लिग डिभिजन २ र विश्वकप छनोट बिर्सनलायक बन्यो । आफ्नो प्रदर्शनका हिसाबमै उनी यसलाई सम्झन चाहँदैनन् । नेपालबाट प्रमुख आस गरिएका यी ओपनिङ ब्याट्सम्यानले डिभिजन २ र विश्वकप छनोटका १२ खेलमा उनले १ सय ४२ रनमात्र बनाउन सके । आफूले प्रदर्शन दिन नसकेकामा उनलाई ग्लानि छ । यही मौकामा नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो । नेपाली टोलीका उपकप्तान ज्ञानेन्द्रसँग यसै सेरोफेरोमा *कान्तिपुर*का लागि **विनोद पाण्डे**ले गरेको कुराकानी :

नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पाउँदा टिममा लामो समय योगदान दिँदै आउनुभएका तपाईले यसलाई कसरी लिनुभएको छ ?

० मुख्य लक्ष्य कसरी टेस्ट मान्यता पाउने भन्ने थियो । त्यहाँसम्म पुग्ने वान-डे अन्तर्राष्ट्रिय मान्यता आधार हो । आफैले खेलिरहेको अवस्थामा नेपालको प्रतिनिधित्व गर्दै यो मान्यता पाउनु मेरा लागि गौरवको विषय पनि हो । जतिखेर हामी क्रिकेट खेल्थ्यौं त्यतिखेर यो किसिमको चहल-पहल नै थिएन । खेल्दै जाँदा ट्वान्टी-२० विश्वकप नै खेल्यौं । त्यस्तै वान-डे अन्तर्राष्ट्रिय मान्यता पनि अर्को चरणको सपना थियो । क्रिकेट खेल्दा यो सम्भव पनि थिएन र सोचेका पनि थिएनौं । विश्व क्रिकेट लिग डिभिजन ५ मा हुँदा यो सम्भावनै थिएन । आफ्नो सानोतिनो योगदानमा नेपाल यो स्थितिमा आइपुग्दा सन्तुष्ट लागेको छ ।

मैरै प्रदर्शनका कारण नेपाल विश्वकप छनोटको सुपर सिक्समा पुग्न सकेन जस्तो लाग्छ, यसमा म दुःखी छु ।

हिजोका दिनमा नेपालको ब्याटिङ पारस, शरद र तपाईमा मात्र भरपर्दै आउँदा कुनै दिन यहाँ पुगिन्छ भनेर सोच्नुभएको थियो ?

० हामी तीन जना मात्र चलेर यो स्थितिमा आएको भन्ने हुँदैन । हाम्रो क्रिकेट संस्कार अझै विकसित भइसकेको छैन । हामी अझै स्कोरकार्ड हेरेर मूल्यांकन गर्छौं । त्यसबाट बाहिर आउन जरूरी छ । टिममा सबैको आ-आफ्नो भूमिका हुन्छ । सामान्य उदाहरण के हो भने पारसले १ रन लिँदा नन स्ट्राइक एन्डमा रन नजोड्नेको पनि उत्तिकै भूमिका हुन्छ । ब्याट्सम्यानले जति रन बनाए पनि बलिङ र फिल्डिङले केही गर्न सकेन भने खेल जित्दा पनि जितिँदैन । हुनसक्छ हिजोका दिनमा हाम्रो योगदान बढी थियो, तर अरुलाई नकार्न मिल्दैन । हामीले बनाएको ४०-५० सय रन भन्दा उनीहरूले बनाएको १० रनको पनि त्योभन्दा बढी महत्त्व हुनसक्थ्यो ।



झलिट जोशी

वान-डे मान्यता पाउँदाको माहोल कस्तो थियो, सिनियर खेलाडी भएकाले त्यसलाई कसरी लिनुभयो ?

० वान-डे अन्तर्राष्ट्रिय मान्यता पाएको हो कि होइन भनेर ढुक्क हुनसकेका थिएनौं । यति मेहनत गरेर आइसक्यौं यो भन्दा तल झर्नु हुँदैन भन्ने थियो । एउटा खेल जित्यो भने वान-डे अन्तर्राष्ट्रिय दिए पनि नदिए पनि कम्तीमा हामी माथिल्लो स्तरमा पुग्थ्यौं । आयरल्यान्ड र अफगानिस्तान पनि टेस्ट राष्ट्र बनिसकेको अवस्थामा हामी एसोसिएटको शीर्ष चार राष्ट्रभित्र पर्थ्यौं । वान-डे अन्तर्राष्ट्रिय मान्यता अन्योल भए पनि अन्तरमहादेशीय कप र विश्व क्रिकेट लिग च्याम्पियनसिप खेल्ने निश्चित हुन्छ फेरि डिभिजन २ फर्कनुपर्दैन भनेर बसेका थियौं । हामीले पपुवा न्युगिनीलाई हराइसकेको र नेदरल्यान्ड्सले हङकङसँग विजय हात पारिसकेको थियो । हामी टीभीमा वेस्ट इन्डिज र अफगानिस्तानको खेल प्रत्यक्ष हेरिरहँदा कमेन्टेटरले बीच-बीचमा नेदरल्यान्ड्सले जितेपछि नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो भनेपछि मात्र हामी ढुक्क भयौं । पछि आईसीसीबाट यससम्बन्धी समाचार आयो । हाम्रो लक्ष्य नै भएकाले भाइबर ग्रुप 'मिसन ओडीआई स्ट्याटस' भनेर बनाएका थियौं । त्यसलाई ओडीआई स्ट्याटस बनाएर वान-डे अन्तर्राष्ट्रिय मान्यताको खुसी मनायौं । नयाँ खेलाडीको भविष्य देखेर खुसी लाग्यो । युवा खेलाडी भएकाले उनीहरू अझ जोसिला थिए, यसले छुट्टै सन्तुष्टि दिएको थियो । क्रिकेट अब नयाँ आउने पिँढीले पनि खेल्न पाउने भयो । त्यो पनि माथिल्लो स्तरमा भन्दा खुसी पनि थियो । मनमा चिसो पनि पस्यो । पाउन त पायो क्रिकेट संघ नै निलम्बनमा छ, ट्वान्टी-२० अन्तर्राष्ट्रिय पनि पाएको थियो तर त्यसको खासै प्रयोग गर्न सकेका थिएनौं । अब के हुन्छ भनेर मनमा बिझिरहेको थियो ।

नेपालको वान-डे अन्तर्राष्ट्रिय मान्यतामा तपाईले कस्तो किसिमको योगदान गर्न सक्नुहुन्छ भन्ने लागेको छ ?

० मैले दिने योगदान भनेको जहिले पनि देशका लागि केही गर्ने हो । त्यो भनेको आफूले भ्याए र शरीरले साथ दिएसम्म हो । योगदान भनेको खाली रन बनाउनमात्र होइन । मैले मैदानमा खेल्दा मात्र हुन्छ भन्ने पनि होइन । मैदानबाहिर पनि मैले क्रिकेटलाई कसरी एउटा एम्बासडरको रूपमा अगाडि लैजान सक्छु, क्रिकेटलाई कसरी संस्थागत गर्न सक्छु त्यो भूमिका बढी हुन्छ । क्रिकेट एउटा स्तरमा पुगिसकेको छ यसलाई निरन्तरता दिन खेलाडीको मात्र नभएर, प्रशंसक, एम्बासडर भएर मैदानभित्र र बाहिर अझै धेरै योगदान मैले गर्नुपर्छ जस्तो लाग्छ ।

नेपाल क्रिकेट संघ निलम्बनको अवस्थामा यो उपलब्धि जोगाउन त गाह्रो होला नि ?

० मेरो विचारमा संघ हुँदा र नहुँदाको फरक भनेको समन्वय गर्न गाह्रो र विकासको कुरामा असर परेको हो । संघ निलम्बन हुँदा हामी खेलिरहेका छौं । तर यसमा अलिकति असर परेको त छ । त्यसको मतलब वान-डे अन्तर्राष्ट्रिय मान्यता जोगाइराख्न संघ नै चाहिन्छ भन्ने होइन । क्रिकेटमा जो-जो सरोकारवाला हुनुहुन्छ उहाँले आफ्नो सानो दायित्व लिनुभयो भने पनि यो मान्यतासँगै नेपाली क्रिकेट अगाडि बढ्न सक्छ । संघ भनेको क्रिकेटको सर्वोच्च निकाय हो त्यो नहुँदा काम गर्न केही अप्ठ्यारो त पर्छ नै ।

नेपालको पहिलो वान-डे अन्तर्राष्ट्रिय मान्यता खेल को सँग होस् जस्तो लागेको छ ?

० जो सँग खेले पनि आफूले खेल्न पाउनु ठूलो हो । त्यो नै आफ्नो खेलजीवनको हाइलाइट्स हुनेछ । भारतसँग खेल्न पाए म सबैभन्दा खुसी हुनेछु । पहिलेदेखि क्रिकेट हेरेको भनेको भारतकै हो । सचिन तेन्दुलकरबाट प्रभावित हुने भइहालियो । केही तीतो अनुभवहरू पनि छ । भारतमा खेल्न जाँदा नेपालमा पनि क्रिकेट खेल्छ र भन्ने प्रश्न गर्थे । भारतसँग वान-डे अन्तर्राष्ट्रिय खेल्न भारतमै गइयो भने अब जवाफ दिइरहनुपर्दैन ।

नेपाली टोलीमा आरिफ शेख, सन्दीप लामिछाने, रोहित पौडेल, ललितनारायण राजवंशी जस्ता युवा खेलाडीको भूमिकालाई कसरी लिनुहुन्छ ?

० क्रिकेटमा जोस र खेलप्रतिको लगाव कति छ भन्ने पनि महत्त्वपूर्ण हुन्छ । त्यो जोसलाई सही ढंगले प्रयोग गर्न सक्यो भने नतिजा राम्रो आउँछ । डेढ वर्ष जस्तो अगाडि पनि मैले सोपमाल कामी, करण केसीलाई हेर्दा त्यस्तो अनुभव गरेको थिइनँ, तर उनीहरू अहिले सही बाटोमा देखिएका छन् । अहिले आउँदा भनेको कुराहरू बुझ्ने गरेजस्तो देखिन्छ । योजनाहरू बुझ्छन्, क्रिकेट ज्ञान बढाउँदै गएका छन् । रोहित र सन्दीप त अझै नयाँ नै छन् । उनीहरूको बुझाइ अझै तेज देखिन्छ । अर्को एक-डेढ वर्ष यही स्तरमा उनीहरूले खेलिरहेमा हाम्रो क्रिकेट सही दिशामा गइरहेको छ भनेर भन्नुपर्छ । प्रतिभा भएकै हिसाबले उनीहरूले त्यो अनुरुपको प्रदर्शन दिइरहेका छन् । एक्सपोजर कम भएकाले अझ पनि उनीहरूको खेल खुल्न पाएको छैन ।

धेरै जिम्मेवारी लिँदा खेलमा कत्तिको असर पर्छ ?

० पहिला पनि एउटा ब्याट्सम्यान, उपकप्तानको जिम्मेवारी लिएर खेलेकै हुँ । डिभिजन २ मा मेरो प्रदर्शन राम्रो भइरहेको थिएन । दिमागमा मैले राम्रो गर्नुपर्छ भनेर खेलिरहेको थियो । राम्रो स्कोर बनाउन नसके पनि अर्को एन्डबाट टिमलाई सहयोग गर्नुपर्छ भन्ने थियो । सुरुआत पनि राम्रै भएको थियो नभएको होइन । जिम्बावेसँग खेल्दा मेरो भूमिका पनि त्यही थियो एउटा एन्ड सम्हालेर खेल्नुपर्ने । ३२ रन बनाए पनि लय नभेटिरहेको जस्तो अनुभव भएको थियो । त्यसमा विश्वकप छनोटजस्तो प्रतियोगितामा टिमले हार्दा र आफ्नै ब्याटिङ नचलेर हार्दा अलिकति मानसिक तनाव भयो । त्यो दबाब भयो भन्दैमा राम्रो प्रदर्शन गर्न नसकेको भने होइन । विश्वकप छनोट भएकाले अलिकति छुट्टै दबाब थियो । आफूले प्रदर्शन गर्न नसकेकै कारण टिमले हार्दा नरमाइलो लाग्यो ।

जिम्बावेसँगको त्यो इनिङ्सपछि त दबाब अलिक कम हुनुपर्ने होइन ?

० टिम योजनाअनुसार मैले कम्तीमा १०-१२ ओभर टिकेर खेल्नुपर्ने थियो । कति बल खेल्यो भन्ने महत्त्वपूर्ण हुँदैन्थ्यो । मैले त्यहीअनुसार खेले पनि लय भेटाउन सकिनँ । स्कटल्यान्डसँग हाम्रो ब्याटिङ पतन नै भयो । मैले आफ्नो कमजोरी लुकाउन खोजेको त होइन, तर म त्यो खेलमा इनसाइड एज लागेर एलबीडब्लू आउट हुनपुगे । जिम्बावे र अफगानिस्तानलाई टक्कर दिने तथा स्कटल्यान्ड र हङकङलाई जितेर सुपर सिक्समा पुग्ने टिमको लक्ष्य थियो । तर पहिलो दुई खेल हारेपछि मनोबल झरेजस्तो भयो ।

इभेन्ट म्यानेजमेन्टतिर बढी ध्यान गएर तपाईको प्रदर्शन खस्केको भन्ने पनि छन् नि ?

० मैदानभित्र हुँदा पक्कै पनि मैले इभेन्ट सोचिरहेको हुन्न । मेरो जिम्मेवारी खेल्दा कसरी क्रिकेट राम्रो खेल्ने र मैदानबाहिर क्रिकेटलाई कसरी राम्रो गर्ने भन्ने हो । सबैको आ-आफ्नो बुझाइ र हेर्ने तरिका हुन्छ । मेरो सानो प्रयासले क्रिकेट भइरहेको छ, अगाडि बढ्छ भने किन नगर्ने । त्यसमा म खेलेको होस् वा नखेलेको होस् । विराट कोहली, महेन्द्रसिंह धोनीले खेल्दा खेल्दै फुटबलमा लगानी गरेका छन् । त्यसको मतलब उनीहरू पूरा व्यापारमै लागेको भन्ने होइन नि । नराम्रो चलिरहँदा मेरोबारेमा यस्तो आएको होला । तर मलाई त्यसले मेरो प्रदर्शन बिगारेको जस्तो लाग्दैन ।

तपाईको ढाड मुभमेन्ट भएन, निहुरिन सक्नुभएन भनेर विदशी मिडियामा आइरहेको छ, के हो कुरा । कतै तपाई चोट लिएरै खेल्नुभएको त होइन ?

० मेरो ढाडमा त्यस्तो केही समस्या छैन । खुट्टामा अलिकति सानो समस्या थियो, खेल्नै नसक्ने भने होइन । कसरी त्यस्तो आयो मलाई थाहा छैन । पूर्ण फिट भएरै खेलेको हुँ ।

तपाईको ब्याटिङमा पूरा टिमले भरोसा लिएको हुन्छ । पारस खड्का र मध्यक्रम चलेको अवस्थामा तपाईको ब्याटिङ अलिकति चलेको भए नेपाल सुपर सिक्समा पुग्न सक्थ्यो होला जस्तो लागेन ?

० एकदम लागेको थियो । स्कटल्यान्डसँगको खेलमा २ सय २० रनभन्दा माथि बनाएर स्पिनरले दबाब दिने भन्ने थियो । तर ब्याटिङ नै क्लिक हुन सकेन । १०-१२ ओभर म टिकेको भए पनि अरु ब्याट्सम्यानलाई कम दबाब पर्थ्यो । मैरै कारणले त्यो हुन नसकेको हो, त्यसको जिम्मेवारी म आफै पनि लिन्छु ।

यसले आरिफ र रोहितजस्ता युवा ब्याट्सम्यानलाई कस्तो दबाब पार्थ्यो ?

० दबाब त परिहाल्थ्यो । मैले उनीहरूलाई सबैभन्दा ठूलो अवसर तिमीहरूलाई छ तर तिमीहरू उल्टो सोचिरहेका हुन्छौ त्यस्तो सोच्नुहुँदैन भनेर भन्थें । युवा खेलाडी छौं हारेर गुमाउनु केही छैनौं भन्थें । पुराना खेलाडीलाई दबाब भए पनि तिमीहरूलाई अवसर हो भनेर सम्झाउने गर्थें । १० रन हाने पनि त्यो भन्दा बढी रन हाने पनि त्यसले भोलिको दिनमा आत्मविश्वास दिलाउने हो भनेर भन्थें । राष्ट्रको प्रतिनिधित्व गरिसकेपछि जुनियर खेलाडीले पनि खेल जिताउन सक्छन् नि ।

तपाईको ब्याटिङ नचल्दा टिमले कतिको हौसला दिन्थ्यो ? प्रशिक्षक, कप्तान, ब्याटिङ परामर्शदाताले के भन्थे ?

० टिमले कहिले पनि आउट अफ फर्म भयो खेल्न सकेनौं भनेर भनेन । मलाई स्पेस दिइरहेको थियो । कहिलेकाहिँ खराब फर्म हुन्छ भनेर भन्थो । ब्याटिङ परामर्शदाता उमेश पटुवालसँग मैले विगतमा प्रशिक्षण लिएको थिएँ । खेल्ने शैलीमा केही फरक छैन, खाली अहिले रन नलागेको मात्र हो । आत्मविश्वास देखिरहेको मात्र छैन । खेल्ने शटहरू ब्लक भएको हुनसक्छ । धेरै सोचेर हुनसक्छ । रन नहान्दा मनमा धेरै कुरा आउन सक्छ, त्यसमा ध्यान दिनु हुँदैन भन्नुहुन्थ्यो ।

भन्नाले तपाईलाई ओपनिङमा खेल्न गाह्रो भएको हो ?

० यो मलाई लाग्दैन । धेरैले मलाई किन ओपनिङमा ब्याटिङ गरेको फस्ट डन वा मध्यक्रममै ठीक थियो भनेर सुझाव दिन्छन् । अहिले मैले टिमले दिएको जिम्मेवारी पूरा गर्न नसकेको हो । २ वर्षदेखि ओपनिङ गरिरहेको थिएँ । त्यति बेला सबै ठीक थियो किन ओपनिङ गरेको भनेर कसैले भनेनन् । खेल्न नसक्दा धेरै प्रश्न आउँछन्, यसले खुसी पनि बनायो किनभने मलाई लिएर ध्यानाकर्षण हुँदोरहेछ । म अझै पनि ओपनरकै भूमिका प्रमाणित गर्न चाहन्छु ।





काठमाण्डौ महानगरपालिका
नगर कार्यपालिका
राजश्व विभाग

व्यवसाय कर तिर्ने बुझाउने सम्बन्धमा अत्यन्त जरूरी सूचना !

काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरि स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा वा यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति वा संस्थाले व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान र लगानीका आधारमा वार्षिक व्यवसाय कर भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेको अवगतै होला । यस आर्थिक वर्षमा व्यवसायीहरुको सुविधालाई ध्यानमा राखी मिति २०७४/१२/०१ गते देखि काठमाडौं महानगरपालिका अन्तर्गतका वडा नं. १ देखि ३२ वडाहरुमा स्थलगत रुपमा व्यवसाय कर टोली परिचालन भई सकेको छ । खटि आउने करटोलीले व्यवसाय स्थलमानै काठमाडौं महानगरपालिकालाई तिर्न बुझाउन पर्ने कर तिर्न अनुरोध गर्ने, कर आदेश जारी गर्ने, भर्पाई गरि राजश्व बुझिलिने अख्तियारी समेत दिईएको हुँदा टोली समक्ष आफ्नो विवरण पेश गरि व्यवसाय दर्ता तथा नविकरण गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

"कर तिरौं सम्मानित बनौं,
सेवा प्राप्त गर्न हक सिर्जना गरौं"

कोटेश्वर बहुमुखी क्याम्पस
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

सूचना ! सूचना !! सूचना !!!

यस कोटेश्वर बहुमुखी क्याम्पसका सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूको भेला आयोजना गरी भूतपूर्व विद्यार्थी संघ (Alumni Association) गठन निम्न मिति, समय र स्थानमा हुन गइरहेकाले सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

मिति : २०७४/१२/१० गते शनिबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कोटेश्वर बहुमुखी क्याम्पस ।

नोट: यो सूचना जसले हेरे पनि साथीहरूलाई जानकारी गराइदिनुभई सूचना सम्प्रेषणमा सहयोग गरिदिनुहोला र ३ दिनभित्रमा नाम टिपाइदिनु होला ।

- MBS भर्नाका लागि CMAT उत्तीर्ण विद्यार्थीहरूलाई यथाशीघ्र भर्ना भई दिनुहुन सूचित गरिन्छ । (सीमित सिट बाँकी)
- MBS प्रथम सेमेष्टरको कक्षा शुरू मितिः २०७४/१२/१२ गते सोमबार

सम्पर्क: ०१-४१५५१४५, ४१५५२६६, ९८५१०६७७७५

क्याम्पस प्रमुख

USA
5 YEARS MULTIPLE VISA
Conditions Apply
NO SPONSORSHIP REQUIRED
EASY DOCUMENTTATION/QUICK PROCESS
TheVideshyatra.com
Nepal's no-1 Business and travel management Service Brand
City Center: 01- 4011812/11, 9851081645 ,9802010249
We Assist and support Visa as Part Of Available program

TRAINING ON APPLIED ACCOUNTING
Including TAX,VAT & TDS
[Manual+Computerized]
Advanced EXCEL for Professionals
100% PLACEMENT ASSISTANCE
NIMe Pvt. Ltd.
Putalisadak (New Plaza)
T:4429329, 4429330
Cell: 9841388125

PhD Opportunity
Opportunity to study from globally recognized and UGC approved, renowned and top ranking Universities in India, Malaysia and UK.
Admission Open for March 2018 intake is going on for all subjects/ faculties.
PhD Centre
Koteshwor, Kathmandu
9841250385, 9860041678



Standard Chartered

समृद्ध जीवनको सुरुवात बचतका साथ ।

तपाईको मासिक किस्ताको भार कम गराउने विशेष आवास कर्जा योजना हामीले ल्याएका छौं ।

तपाईको अन्यत्र रहेको घर कर्जालाई हाम्रो विशेष घर कर्जा योजना अन्तर्गत पूर्णकर्जा लिई उल्लेख्य बचत गर्ने अवसरको फाईदा लिनुहोस् ।

बिशेषताहरुः
- ८.८८ %** वार्षिक व्याजदर (आधार दर + ३.०८ % प्रिमियम)
- सेवा शुल्क १.२५ % मात्र
- निःशुल्क धितो मुल्यांकन
- निःशुल्क कर्जा सूचना शुल्क
- निःशुल्क क्रेडिट कार्ड (जारी / पहिलो वर्षको शुल्क)
- निःशुल्क अनलाइन बैकिङ्ग सेवा (२ वर्षको लागि)

** कर्जा दर बैंकको आधार दर बमोजिम परिवर्तन हुने छ ।

थप जानकारीको लागि "MSO" टाइप गरी 98510-81000 मा SMS पठाउनुहोस् वा आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोला ।

यो योजना सीमित अवधीको लागि मात्र लागु हुने छ ।

यो विशेष योजनाका बारेमा आफन्त तथा साथीभाईलाई पनि जानकारी गराउनुहोस् ।

sc.com/np

Here for good

*शर्तहरु लागु हुनेछन् ।

\TBWA-SCB-03032018-18'

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रवन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा